## अर्थमन्त्रालयको सूचना

०८।११।१५ को मन्त्रिमण्डलको निर्णयअनुसार निकासीमा मूलाको बीउमा मन १ को २५। पच्चीस रुपैयाँ र गहूँ मकैमा दालसरह निकासी महसूल लाग्ने भएको छ।

## सरकारी माल विषयको ०८।१०।२० को अर्थमन्त्रालयको सूचनाको स्पष्टीकरण

सरकारी काममा झिकाई आएका मालको अर्थः— सरकारी अड्डाखानाले सरकारी कामकाजको निमित्त झिकाई आएको माल मात्र हो। यस्तो मालमा ०८।१०।२८ को सूचनाबमोजिम महसूल नलिई लगतसम्म राखी भन्सार बजारहरूले छोडिदिनेछ। सरकारी कामको निमित्त भए पनि कुनै कन्ट्राक्टर ठेकदार वा व्यक्तिले वा मार्फत झिकाई आएको मालमा यी नियम लाग्दैन। भन्सार बजारअड्डाहरूले सवाल सनदबमोजिम लाग्ने महसूल लिनेछ।

## भूलसुधार

संख्या २७ को गजेटमा प्रकाश भएको ४२ पृष्ठको सूचनामा—जूटको तयारी-मालको हिन्दुस्थानमा निकासी दर रू ३५० र हैसीयनमा रू १५०० प्रतिमन भनी लेखिएकोमा प्रतिमन होइन"" प्रतिटन" हो।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।